आज मिति २०७२/०९/२८ गते खाँदबारी नगरपालिकाका प्रमुख तथा कार्यकारी अधिकृत श्री ऋषिकेश निरौला ज्यू को अध्यक्षतामा खाँदबारी नगरपालिका २० औं नगरपरिषद् बैठक बसि निम्न अनुशार निर्णय गरियो। **उपस्थिती :**

१. श्री ऋषिकेश निरौला, प्रमुख/ कार्यकारी अधिकृत

**वडा अध्यक्ष तथा वडा सचिवहरु/वडा जिम्मेवार कर्मचारीहरु :**

१. श्री दिनेश कट्टेल, प्रशासकिय अधिकृत /वडा नं. १ र ९

२. श्री खेमराज निरौला, सामाजिक बिकास अधिकृत/वडा नं. ७ र १०

३. श्री सुरज श्रेष्ठ, इन्जिनियर, योजना शाखा प्रमुख

४. श्री नविनकुमार श्रेष्ठ, आर्थिक प्रशासन शाखा प्रमुख

५. श्री चुडामणि खनाल, नायब सुब्बा/प्रशासन शाखा/वडा नं. ४ र ५

६. श्री मनोजकुमार चापागाई, सब इन्जिनीयर/योजना शाखा/वडा नं. १३

७. श्री सुमनकुमार दाहाल खरिदार, राजश्व उपशाखा /वडा नं. ६

८. श्री गणेश श्रेष्ठ, खरिदार, योजना शाखा /वडा नं. १२

९. श्री राजकुमार राई, खरिदार, आ.प्र.शाखा /वडा नं. २

१०. श्री जनक शाक्य, सव इन्जिनियर, योजना शाखा/वडा नं. ८

११. श्री रुद्रबहादुर घिमिरे, असिष्टेन्ट सव ईन्जिनीयर, योजना शाखा/वडा नं. ३

१२. श्री दुर्गाप्रसाद नेपाल, शहरी शासन बिज्ञ, खाँदबारी नगरपालिका

(निम्न लिखित २० औं परिषदले गरेका निर्णयहरु "स्थानिय निकाय स्रोत परिचालन तथा ब्यवस्थापन कार्यबीधि, २०६९" बमोजिम बिभिन्न चरणहरु पार गरि मिति २०७२ साल पौष २७ गते बसेको एकिकृत योजना तर्जुमा समितीको निर्णयबाट सिफारिस भए बमोजिम पारित गरिएको छ।)

**निर्णय नं. १**

खाँदबारी नगरपालिकाको आ.ब. ०७३/७४ को लागी अनुसूची १ मा उल्लेख भए बमोजिमको आम्दानी खर्चको अनुमानित बिबरण (बजेट) पारित गर्ने निर्णय गरियो।

**निणर्य नं. २**

आ.ब.०७२/७३ मा परिषद्, बोर्ड बैठकबाट स्वीकृत नीति कार्यक्रम तथा बजेट अनुसार भएका कार्य हरुको बारेमा छलफल एवं समिक्षा गर्दा हाल सम्मका योजनाहरुको समग्र कार्य प्रगतिलाई

हेर्दा सन्तोषजनक पाईएको र चालु आ.व.को कार्य अवधि अझै करिब ७ महिना रहेको हुंदा कार्यक्रमहरु समयमै सम्पन्न गरी थप प्रगति हासिल गर्न सम्पुर्ण पक्षलाई क्रियाशिल बनाउने निर्णय गरियो ।

निर्णय नं.३

संघीय मामीला तथा स्थानीय बिकास मन्त्रालयको जगेडा कोषसंग लागत सहभागीतामा संचालन गर्ने योजनाहरुमा तपसिल बमोजिमका योजनाहरु माग गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

**तपसिल :**

१. एयरपोर्ट गेट - क्लब भवन हुंदै स्वास्थ्य चौकी र बिद्यालय आउने मोटर बाटो ढलान खाँ.न.पा. १३

२. जि.वि.स. गेट बाट पिप्ले जाने बाटो ढलान, खाँ.न.पा. १ र ११

३. ढुंगेधारा छत्रेपाटि सडक ढलान, खाँ.न.पा. १२

४. ल्याण्डफिल्ड साईट सम्म जाने बाटो निर्माण, खाँ.न.पा. १२

५. बरुण क्याम्पस बिष्नेधारा सडक ढलान खाँ.न.पा. ११

६. तुम्लीङटार खानेपानी आयोजना, खाँ.न.पा. १३

७. कुप देखि ११ नं. वडा भवन सम्म जाने बाटो ढलान, खाँ.न.पा. ११

८. कृषि बजार केन्द्र भवन निर्माण, खाँ.न.पा. ३

९. गैरिगाउँ टोल देखि ११ नं. वडा भवन सम्म आउने मोटरबाटो ढलान, खा.न.पा. १२

१० बसपार्क निर्माण एवं व्यवस्थापन, खाँ.न.पा. १२, बैंचगाउँ, तुम्लीङटार

११ देवकोटा चौक देखि मुल हाईवें (निरौला गाउँ छेउ) सम्म जाने मोटरबाटो ढलान कार्य खाँ.न.पा. १ र १०

निर्णय नं. ४

यस खाँदबारी नगरपालिकामा सर्बदलीय सर्बपक्षिय सहमति एवं लक्षित बर्गहरुका समन्वय समितिबाट समेत सिफारिस भएकोले प्रति वडा रु.४,००,०००। चार लाखका दरले १३ बटा वडाको जम्मा रु.५२,००,०००। बाउन्न लाख वडापरिषदबाट पारित भई आएका तपशिलका योजना तथा कार्यक्रमहरुलाई आ.ब. ०७३/०७४ मा स्थानीय बिकास शुल्क (पूजीगत) शिर्षकबाट कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

खाँदबारी नगरपालिकाले बिगत परिषदहरुबाट पारित गरेका बिनियम एवं निर्देशिकाहरु निरन्तरता दिई कडाईका साथ लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

नगरपालिकाले तयार गरेको **स्थानीय बिपद् ब्यवस्थापन योजना, २०७२** पारित गर्ने र आ.ब. ०७३।७४ मा मालपोत रजिष्ट्रेशन वापत प्राप्त हुने रकबाट रु. २,००,०००। बिनियोजन गरि बिपद् ब्यवस्थापन कोषमा रकम जम्मा गरि आकस्मीक सेवामा खर्च गर्ने निर्णय गरियो ।

(अनूसूचि ३ मा उल्लेख गरिएको छ ।)

**निर्णय नं. ७**

खाँदबारी नगरपालिकाको मुख्य शहरि क्षेत्रमा सरसफाई तथा फोहोर मैला ब्यवस्थापन गर्न गराउन सार्बजनिक निजी साझेदारी कायक्रम अन्तरगत टो.बि.स., वडा नागरिक मन्च, बिभिन्न संघ, संस्था, क्लवहरु संग सहकार्य गरि फोहोर फोहोर मैला ब्यवस्थापनको कार्यलाई निरन्तरता दिने साथै फोहोर मैला संकलन तथा ल्याण्डफिल साईट सम्म ढुवानी गरि ब्यवस्थापन गर्ने कार्यका लागी मालपोत रजिष्ट्रेशन वापत प्राप्त हुने रकबाट रु. २,००,०००। बिनियोजन गरि उक्त कार्य गर्ने निर्णय गरियो

**निर्णय नं.८**

खाँदबारी नगरपालिकालाई खुल्ला दिशा मुक्त क्षेत्र घोषणा गर्नको लागि बिभिन्न सरकारी तथा गैह्र सरकारी संघ, संस्थासंग सहकार्य र समन्वय गर्ने कार्यलाई निरन्तरता दिदै वातावरण मैत्री स्थानीय शासन पद्धती कार्यान्वयन, तथा पूर्ण खोप लगायत जनस्वास्थ्य प्रर्बद्धन हुने निम्न कार्यक्रमहरुलाई मालपोत रजिष्ट्रेशन वापत प्राप्त हुने रकमबाट निम्न अनुसार बजेट बिनीयोजन गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निम्न**

१. वातावरणमैत्री स्थानीय शासन प्रारुप, २०७० कार्यान्वयन गर्न रु. १,००,०००।०० (एक लाख रुपैया मात्र)

२. पूर्ण खोप लगायत जनस्वास्थ्य प्रबर्द्धन सम्बन्धि कार्यक्रम संचालन रु. १,००,०००।०० ( एक लाख रुपैया मात्र)

३. जनस्वास्थ्य प्रबर्द्धनका लागी बजार अनुगमन (उ.बा.संघ, मासु ब्यवसायी, उपभोक्ता हित संरक्षण मन्च, जिल्ला पशु सेवा कार्यालय लगायतका निकाय समक्ष समन्वय गरि कार्यक्रम संचालन गर्नका लागी) रु. ५०,०००।०० (पचासहजार रुपैया मात्र)

**निर्णय नं. ९**

यस कार्यालयमा कार्यरत कर्मचारीहरुको इमान्दारिता, कर्तब्यनिष्ठ, कार्य सम्पादनको स्तर राम्रो भएका कर्मचारीहरुलाई उनीहरुले गरेको कार्यसम्पादनको मूल्याङ्कन गरि पुरस्कार प्रदान गर्न १९ औं नगरपरिषदबाट भएको निर्णय अनुसारनै कर्मचारी मूल्याङ्कनको लागी निर्धारीत निम्न अनुसारका सूचकहरु अनुमोदन गरि सोही सूचकहरुका आधारमा कार्यकारी अधिकृतबाट गोप्य मूल्याङ्कन गरि सर्वोत्कृष्ठ अंक प्राप्त गर्ने कर्मचारीलाई पुरस्कृत गर्न स्थानीय बिकास शुल्क ( चालु) बजेट शिर्षकबाट ब्यहोरीने गरि रु. २५,०००।०० (पच्चिसहजार रुपैयामात्र) रकम बिनियोजन गर्न र उक्त पुरस्कार रकम नगरपालिकाले आयोजना गर्ने औपचारिक कार्यक्रममा प्रदान गर्ने निर्णय गरियो ।

मापदण्ड एवं सूचकहरु र अंक भार निम्न बमोजिम रहने छन् : (कुल पुर्णाङ्क : १००)

| सि.नं. | सूचकहरु | कुल अंकभार | अंकभार | | | |
|---|---|---|---|---|---|---|
| | | | (१)अति राम्रो | (२)राम्रो | (३)सामान्य | (४)न्युन |
| १ | समय पालन र नियमीतता | ८ | ८ | ६ | ४ | २ |
| २ | अनुशासन र आज्ञापालन | ८ | ८ | ६ | ४ | २ |
| ३ | कार्य सम्पादन मूल्याङ्कन | ६ | | | | |
| ४ | सेवाग्राहीहरुको कर्मचारी प्रतिको गुनासोको स्थिती (लिखित एवं मौखिक) | ६ | ६ | ५ | ४ | २ |
| ५ | रचनात्मक एवं सृजनात्मक कार्य सम्पादन गर्न सक्ने क्षमता | ८ | ८ | ६ | ४ | २ |
| ६ | कर्मचारी सम्बन्धि ऐन, नियमावली एवं बिनियममा उल्लेखित आचारण पालना | ६ | ६ | ५ | ४ | २ |
| ७ | जेष्ठता | ६ | ६ | ५ | ४ | २ |
| ८ | कर्मचारी बिच समन्वय गर्ने क्षमता | ६ | ६ | ५ | ४ | २ |
| ९ | सकारात्मक सोच | ६ | ६ | ५ | ४ | २ |
| १० | नैतिकता एवं सदाचारको स्थिती | ६ | ६ | ५ | ४ | २ |
| ११ | निर्णय क्षमता (उपयुक्त समयमा उपयुक्त निर्णय दिन सक्ने क्षमता) | ८ | ८ | ६ | ४ | २ |
| १२ | ब्यवसायिकता | ८ | ८ | ६ | ४ | २ |
| १३ | तटस्थता | ६ | ६ | ५ | ४ | २ |
| १४ | ब्यत्तित्व एवं मृदुभाषि एवं सहयोगको भावना | ६ | ६ | ५ | ४ | २ |
| १५ | चेन अफ कमाण्डको पालना एवं मर्यादा पालना | ६ | ६ | ५ | ४ | २ |
| | जम्मा | १०० | | | | |
| | (१) , (२), (३) र (४) को कुल जम्मा वा प्राप्तांक : | | | | | |

**नोट : जेष्ठताको अंक गणना गर्दा पाँच बर्ष सम्म (स्थायी) सेवा गरेको कर्मचारीको लागी तिन अंक छ बर्ष देखि दश बर्ष सम्म सेवा गरेको कर्मचारीको लागी चार अंक र एघार बर्ष देखि १५ बर्ष सम्म स्थायी सेवा गरेको कर्मचारीको लागी पाँच अंक र सोह्र बर्ष भन्दा बढि सेवा गरेको कर्मचारीको लागी छ (६) अंक प्रदान गरिने छ ।**

## निर्णय नं. १०

नगरपालिकाको कार्यलाई निष्पक्ष एवं पारदर्शी बनाउन साथै न.पा. बोर्डका पदाधिकारीहरुलाई तटस्थ भई कार्य सम्पादन गर्न थप उत्तरदायी बनाउन निम्न अनुसार आचार संहिता वनाई लागु गर्ने निर्णय गरियो ।

### तपशिल

१. सरकारी, सार्बजनिक सम्पत्ति र कर्मचारीहरुलाई ब्यक्तिगत प्रयोजनमा प्रयोग नगर्ने ।

२. नगरपालिकालाई दिगो रुपमा भलाई हुने क्रियाकलाप मात्र गर्ने र नगरपालिकालाई हानी नोक्सानी हुने कार्यमा सम्लग्न नहुने ।

३. नगरपालिकाको हित बिपरित हुन सक्ने कार्य गर्ने ब्यक्ति वा संस्था संग प्रत्यक्ष वा परोक्ष रुपमा सम्लग्न नहुने ।

४. मानब अधिकार हनन हुने किसीमका क्रियाकलापमा सम्लग्न नहुने ।

५. बाल बिबाह, बहुबिबाह, हत्या हिंसा , अपहरण, बलत्कार जस्ता जधन्य अपराध तथा समाजिक कुरीती जन्य ब्यबहारबाट सधैं टाढा रहने ।

६. सदा उच्च नैतिक चरित्र कायम राख्ने ।

७. भ्रष्ट्राचार जन्य क्रियाकलापमा सम्लग्न नहुने ।

८. कुनै किसीमको आग्रह वा पुर्बाग्रहले प्रेरित भई प्रचलित कानून, नीति वा प्रकृया बिपरित कार्य नगर्ने ।

९. प्रचलीत कानूनले तोकेका अन्य आचरणहरु अक्षरस पालना गर्ने ।

१०. सेवाग्राही प्रति उचित र मर्यादीत ब्यवहार गर्ने ।

११. कर्मचारी, सरकारी सवारी साधन तथा अन्य सम्पत्तिहरु कुनै पनि राजनैतिक दलको दल बिशेषको क्रियाकलापमा उपयोग नगर्ने ।

१२. मातहत कर्मचारीहरु प्रति सम्मानजनक, न्यायोचित र मर्यादीत ब्यबहार गर्ने ।

१३. जनता समक्ष सुमधुर सम्बन्ध बिकासमा कुनै कमि हुन नदिने ।

१४. सदाचार, आहार बिहार एव नैतिक चरित्र अनुकरणीय एवं उच्च राख्ने ।

**निर्णय नं. ११**

खाँदबारी नगरपालिकाको लेखा प्रणाली प्रोदभाबी लेखा प्रणाली अनुसार गर्ने भनी १७ औं नगरपरिषद्बाट निर्णय भए अनुसार यस आर्थिक बर्ष देखि नगरपालिकाको सम्पति र दायित्व यकिन गर्न एक सम्पति मूल्याङ्कन समिति गठन गरि आगामी आ.ब.देखिनै सम्पूर्ण लेखाप्रणालीलाई प्रोदभाबी लेखाप्रणाली अनुसार राख्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

यस नगरपालिकामा निर्माण हुने घर, भवन लगायतका संरचनाहरुको नक्सा पास कार्यलाई ब्यवस्थित र नियमीत बनाई नगरबासीलाई सहजता प्रदान गर्न साथै ब्यवस्थीत शहरको आधार तयार गर्न भवन निर्माणको नमुना मापदण्ड, २०७१ र बस्ती बिकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभूत निर्माण मापदण्ड २०७२ को आधारमा तयार पारिएको अनुसूची ४ (चार) मा उल्लेख भए बमोजिमको **खाँदबारी नगरपालिकाको भवन निर्माण सम्बन्धि मापदण्ड, २०७२ र खाँदबारी नगरपालिकाको नक्सा पास सम्बन्धि कार्यबीधि, २०७२** पारित गरि लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

यस नगरपालिकामा संघीय मामिला तथा स्थानीय बिकाश मन्त्रालय, शहरी बिकास मन्त्रालय लगायत नेपाल सरकारका अन्य निकाय, सांसद बिकास कोष, नगर बिकाश कोष लगायत बिकास साझेदार निकायबाट थप श्रोत परिचालन हुने अबस्थामा नगरपालिका बोर्ड बैठकले आबश्यकताको प्राथमिकीकरणका आधारमा निर्णय गरी श्रोत परिचालन गर्ने अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

खाँदबारी नगरपालिकामा कार्यरत स्थानीय निकाय तर्फका स्वीकृत दरबन्दिमा कार्यरत स्थायी तथा अन्य कर्मचारीहरुको तलब, भत्ता नेपाल सरकारले सोही तह वा श्रेणीका निजामती कर्मचारीहरुलाई उपलब्ध गराए अनुसार उपलब्ध गराउने र निजामती कर्मचारीहरुको तवब बृद्धि हुँदा सोही बमोजिम बृद्धि हुने ब्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. १५**

आ.ब. ०७३/७४ मा सडक बोर्ड नेपालबाट प्राप्त रकमबाट निम्न बमोजिमका योजनाहरु पारित गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

**<u>निम्न</u>**

**क) सडक बोर्ड तर्फ :**

१. योगीडाँडा देखि सागाम सिरान हुँदै थालडाँडा खाँ.न.पा. वडा नं. ८ र ९ रु. १०,००,०००।

२. लबिङ्गहिल बाट गुवाबारी हुँदै दुब्लीचौतारा देखि स.मा.बि. सम्म जाने मोटरबाटो स्तरबृद्धि खाँ.न.पा. १० र ७ रु. १०,००,०००।

३. मानेभन्ज्याङ्ग कृषिबजार केन्द -चारबर - आरुबोटे हुँदै चेवाबेसी मोटरबाटो स्तरबृद्धि वडा नं. ३ र २ रु.१०,००,०००।

**निर्णय नं. १६**

यस नगरपालिकामा सेवा प्रबाहलाई ब्यवस्थित गर्न शुसासन ब्यवस्थापन समितिको गठन गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

**<u>निम्न</u>**

| | |
|---|---|
| संयोजक : | श्री दिनेश कट्टेल, प्रशासकिय अधिकृत |
| सदस्य : | श्री नबिनकुमार श्रेष्ठ, आ.प्र.शाखा प्रमुख |
| सदस्य : | श्री मनोजकुमार चापागाई |
| सदस्य : | श्री सुमनकुमार दाहाल |
| सदस्य सचिव : | श्री खेमराज निरौला, सामाजिक बिकास अधिकृत |

**निर्णय नं. १७**

खाँदबारी नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालित बिभिन्न कार्यक्रम वा आयोजनाहरुको समग्र अनुगमन गर्ने प्रयोजनको लागी स्थानीय निकाय स्रोत परिचालन तथा ब्यवस्थापन कार्यबिधि, २०६९ को बुँदा नं. ३३ (२) बमोजिम निम्न अनुसारको २० औं नगरपरिषदबाट निर्णय भएको योजना सुपरिबेक्षण तथा अनुगमन समिति गठन गरी क्रियाशील गर्ने निर्णय गरियो ।

**निम्न**

१. नगर प्रमुख/कार्यकारी अधिकृत — संयोजक

२. राजनैतिक दलहरुबाट : सदस्य ( एक महिला सहित जम्मा ३ जना)

- श्री बिन्दा मोक्तान
- श्री यदुमणि निरौला
- श्री कृष्ण तामाङ्ग

३. वडा नागरिक मंचबाट : (एक महिला सहित २ जना)

श्री उमेश श्रेष्ठ सदस्य

श्री शुशिला घिमिरे सदस्य

४. नागरिक सचेतना केन्द्रबाट महिला प्रतिनीधि १ जना :

५. उ.बा.संघको प्रतिनीधि श्री अनन्त गौली सदस्य (उ.बा.संघको पत्र मार्फत)

**संयोजकले तोक्ने सदस्यहरुमा निम्न बमोजिम राख्ने निर्णय गरियो ।**

६. बिषयगत कार्यालयको १ जना प्रतिनीधिमा जिल्ला प्राबिधिक कार्यालय, सं.स.ले तोकी पठाएको एक जना प्रतिनीधि सदस्य

७. श्री सुरज श्रेष्ठ (इन्जिनियर प्राबिधिक कर्मचारी) सदस्य

८. दिनेश कट्टेल (प्रशासकिय अधिकृत) सदस्य सचिव

**निर्णय नं. १८**

स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१३ को उपनियम (३) बमोजिम फोहोर मैला, बिद्युत तथा खानेपानी आपुर्ति, सुरक्षा, सरसफाई, बगैंचा हेरचाह र फोटोकपी जस्ता कार्यका लागी सेवा करारमा लिन, सोही नियमावलीको नियम २१७ (१) बमोजिम प्राबिधक पदमा बिगत देखि यस कार्यालयमा कार्यरत कर्मचारी र अब आबश्यक हुने प्राबिधिक जनशक्ति करारमा नियुक्त गर्न र अन्य नियमानुसारको ब्यवस्था कार्यान्वयनको लागी न.पा. बोर्ड बैठकलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

आ.ब.०७३/७४ मा कार्यालयले खरिद गर्नु पर्ने बार्षिक सेवा, परामर्श तथा सामाग्रीहरुको खरिद योजना, सो को कार्यक्रम संचालन तालिका तयारी गरि स्वीकृत गर्नको लागी बोर्ड बैठकलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

स्थानीय निकाय स्रोत परिचालन तथा ब्यवस्थापन कार्यबिधी, २०६९ बमोजिम लक्षीत समुह बिकास कार्यक्रम अन्तरगत खाँदबारी नगरस्तरीय आदीबासी जनजाति, दलित, जेष्ठ नागरिक, बालबालिका एवं भिन्न क्षमता भएका ब्यक्तिहरुका लागी सम्बन्धित सरोकारवालाहरुसँगको

बैठकबाट सिफारिस भई आएका निम्न योजना तथा कार्यक्रमहरुलाई स्वीकृति गर्ने निर्णय गरियो ।

**निम्न**

**(अ) आर्थिक तथा सामाजिक रुपमा पछि परेका बिपन्न बर्ग हरुको लागी :**

(सबै जात जातिका आथिक रुपमा बिपन्न तथा आर्थिक एवं सामाजिक रुपमा पिछडिएका बर्ग  दलित,आदीबासी/जनजाति, भिन्न क्षमता भएका ब्याक्तिहरु, जेष्ठ नागरिक, अपाङ्ग, मधेसी, मुस्लीम, पिछडा बर्ग, यौनिक तथा लैंगिक, अल्प संख्यक लगायत अन्य पिछडिएको बर्ग )

- नगरका कक्षा १० का अध्ययन गर्ने दलित छात्राछात्रहरुलाई अंग्रेजी, गणित र बिज्ञानको ३ महिना ट्युसन कक्षा संचालन वापत रु. ३५,०००।
- जागृती समाज नेपाल मार्फत निर्माणाधिन जिल्ला दलित प्रोफायल निर्माणमा सहयोग रु. २५,०००।
- नेपाल मगर संघको भवन निर्माण ४०,०००।
- नेपाल मगर संघ भवन जाने मोटरबाटो मर्मत सुधार रु. २०,०००।
- बिदाई चौतारा देखि ढोलबाजे सा.ब.उ.समुह मा रहेको पिकनिक स्पोर्ट सम्म जाने बाटो मर्मत सुधार खाँ.न.पा. ११ रु. ३०,०००।
- साङछोलिङ्ग ह्युल साङ्ग गुम्वा मर्मत खाँ.न.पा. १२ बैद्यगाउँ, रु. ७५,०००।
- मनकामना सन्यास आश्रममा बसोबास गर्ने बृद्धबृद्धाहरुलाई, फर्निचर लत्ताकपडा, खाद्यन्न, गुरुकुल बिद्यालय ब्यवस्थापन वापत रु. २,५०,०००।
- जेष्ठ नागरिक सिद्धकादेबी थान खाँ.न.पा. ३ भौतिक सुधार रु. ३०,०००।
- मनकामना घाट (अरुण नदि किनारमा) मा शव दहन गर्न दाउराको अभाव देखिएकोले दाउरा संकलन डिपो निर्माणमा सहयोग रु. ८०,०००।
- आर. आर. एन. भवन देखि तुर्के पुल सम्म जाने बाटो मर्मत खाँ.न.पा. १३ रु. ५५,०००।
- खाँ.न.पा. १० स्थित बौद धर्मावलाम्बीहरुको समाधिस्थल ब्यवस्थापन रु. ७०,०००।
- किराँतहरुको समाधिस्थल सम्म जाने बाटो स्तर उन्नति गर्ने रु. ४०,०००।
- खेलकुद गतिबिधि कार्यक्रम संचालनमा सहयोग गर्ने । (जस्तै : नगर भित्रका बिभिन्न क्लवहरुबाट संचालन गर्ने खेलकुद कार्यक्रमहरु संचालन गर्न । रु. २,५०,०००।
- अपांगहरुको तथ्याङ्ग संकलन कार्य रु. ३०,०००।
- अपांग भएका १६ बर्ष मुनिका बालबालिकाहरुलाई लक्ष्य गरि स्वास्थ्य सिवीर संचालन सहयोग रु. २०,०००।

**आ) महिला तर्फ :**

- महिला सहकारी भवन निर्माण भौतिक पुर्बाधार ब्यवस्थापन, खाँ.न.पा. ५ सेकाहा रु. ७५,०००।
  - खाँदबारी न.पा. वडा नं. ६ र ९ नं. वडाका सुरक्षित प्रसुति गराउन प्रोत्साहन गर्न र मातृ मृत्यु र शिसु मृत्युदरमा सुधार गर्न अस्तपताल वा स्वास्थ्य चौकी मा बच्चा जन्माउने महिलालाई यातायात वापत प्रति प्रति महिला रु. १,०००। का दरले उपलब्ध गराउन रु. ५०,०००।
  - एकल महिला भवन निर्माण/ब्यवस्थापन कार्य रु. ८०,०००।
  - न.पा. भित्रका महिला स्वास्थ्य स्वयंसेवीका हरुलाई प्रोत्साहन वापत रु. १,६८,०००।
  - बागीश्वरी उ.मा.बि. बिज्ञान कक्षा संचालन (ल्याव, पुस्तक, बिज्ञान सामाग्री) सहयोग बापत रु. १,००,०००।
  - चारबर पिपल मलामी पाटिको लागी खानेपानी ब्यवस्थापन खाँ.न.पा. २ रु. ३५,०००।
  - पिप्ले चौतारा देखि आदर्श मा.बि. पिप्ले सम्म जाने ठाडो बाटो मर्मत खाँ.न.पा. ११ रु. ४७,५००।
  - सार्की कुवा जाने बाटो निर्माण/मर्मत खाँ.न.पा. ३ रु. ३७,०००।
  - महिला हरुको क्षमता बिकाश, ससक्तिकरणको महिला मानब अधिकार, नीति, कानून आदीबारे चेतना अभिबृद्धि गर्न रु. ९५,०००।

**ई) बालबालिका तर्फ :**

(बाल कोष स्थापना गरि बालबालिका संग सम्बन्धित कार्यक्रमहरु सोही कोष मार्फत संचालन हुने ।)

- अरुण बाल क्लव पुस्तकालय एवं वाचनालय ब्यवस्थापन खाँ.न.पा. ३ रु. ३५,०००।
- न.पा. भित्रका बाल क्लवहरुलाई बिभिन्न सृजनशिल कार्यक्रम संचालन सहयोग वापत रु. १,५०,०००।
- शान्ति प्रा.बि. मयम भौतिक भौतिक पुर्बाधार बिकास खाँ.न.पा. ९ रु. ४०,०००।
- मंगलादेबी मा.बि. फर्निचर ब्यवस्थापन खाँ.न.पा. १० रु. ४०,०००।
- अरुण प्रबेश मार्ग (हाई वे) वाट बरुण बोडिङ्ग गेट सम्म आउने मोटरबाटो ढलान खाँ.न.पा. ११ रु. २,००,०००।
- चन्द्रोदय प्रा.बि. खेल मैदान सम्याउने कार्य खाँ.न.पा. १२ रु. ५०,०००।
- बालबालिका प्रा.बि. चिप्लेगाउँ खेलकुद सामाग्री ब्यवस्थामपन खाँ.न.पा. ५ रु. २५,०००।
- बरुण बाल क्लब दोस्रो नगर स्तरिय अन्तर मा.बि. हाँजीरी जबाफ प्रतियोगीता संचालन रु. ४०,०००।
- सिद्धदेबी प्रा.बि. दुब्लीचौतारा बिद्यालय कम्प्युटर खरिद खाँ.न.पा. ७ रु. ३५,०००।

- लोकतन्त्र प्रा.बि. रातमाटे खेलकुद सामाग्री खरिद खाँ.न.पा. ११ रु. २५,०००।
- माट्स नेपाल बाट पालन पोषण गरिएका अनाथ बालबालिकाहरुको भरण पोषणका लागी सहयोग वापत रु. ९५,०००।
- बालबिकास केन्द्र संचालन सहयोग रु २५,०००।
- बालश्रम निबारण सम्बन्धि सचेतना मुलक कार्यक्रम संचालन रु. ३०,०००।
- बाल बालिकाहरुको तथ्याङ्क संकलन कार्य वापत रु. ५०,०००। (बालबालिकाको घर धुरी सर्बेक्षण र स्थीति पत्र तयारीको लागी)
- कालीका मा.बि. भौतिक ब्यवस्थापन कार्य खाँ.न.पा. ५ सेकाहा रु. १,००,०००।
- गैरिगाउँ (पिठाकोटे) टोल बालबालिका खेलकुद सामाग्री ब्यवस्थापन, खाँ.न.पा. १२ रु. २५,०००।
- सरस्वति मा.बि. कम्प्युटर खरिद, खाँ.न.पा. ६ रु. ७७,५००।

**निर्णय नं. २१**

आ.ब. ०७१/०७२ मा संचालित योजना तथा कार्यक्रमहरुको सामाजिक परिक्षण र सार्बजनिक सुनुवाईको प्रतिबेदनको सम्बन्धमा न.पा. बोर्ड बैठकको मिति २०७१ कार्तिक ३० गते, २०७१ फाल्गुण २८ गते र २०७२ साल असार २८ गते भएको सार्बजनिक सुनुवाईको प्रतिबेदन एकिकृत योजना तर्जुमा समतिको बैठकमा पेश भई छलफल भयो । सो सम्बन्धमा न.पा.ले गरेका बिभिन्न सामाजिक, भौतिक एवं क्षमता बिकाशका कार्यहरुको समग्र पक्षलाई हेर्दा सामाजिक परिक्षण प्रतिबेदन र सार्बजनिक सुनुवाईका कार्यक्रमहरुमा प्राय गरि देहायका बिषयहरु उठान हुने गरेको पाईएकोले उल्लेखित बिषयहरुमा नगरपालिकाको आर्थिक भौतिक, प्राबिधिक स्रोत साधनहरु प्रयोग गरि आगामी दिनहरुमा त्यस्ता गुनासाहरु नआउने गरि कार्यसम्पादन गर्ने निर्णय गरियो । आगामी दिनमा अझ प्रभावकारी बनाउन प्रचलित ऐन, नियम, परिपत्र र न.पा.को नीति निर्णय को परिधिभित्र रहि कार्य योजना र तालिका बनाई कार्य गर्ने र थप क्रियासिल भई कार्य प्रगति हाँसिल गर्ने निर्णय गरियो ।

**निम्न**

१. नागरिक बडापत्रलाई सेवाग्राहीले नै कम प्राथमिकता राखेको र प्रयोग नगरेको अबस्था

२. बिकासका गतिबिधी संचालन एवं बजेट बिनीयोजन गर्दा सन्तुलीत क्षेत्रीय बिकास हुने तवरबाट कार्य हुन नसकेको ।

३. नगरपालिकाले प्रबाह गर्ने सेवाहरुको संगालो र सो को प्रकृया, समय उल्लेखीत भएको नागरिक बडापत्रको बारेमा नागरिकहरुलाई सार्बजनिक सूचना प्रबाह नगराईएको ।

४. अझै सम्म पनि कर दस्तुर असुली गर्दा नगरको सेवा सुबिधा अनुसार बढि लिईएको तर न्युनतम आधारभूत सहरी सुबिधाहरु जस्तै खानेपानी, बिद्युत, संचार, यातायात र स्वास्थ्य सुबिधाबाट बन्चित हुनु परेको ।

५. नगर क्षेत्रभित्र रहेको अरुण प्रबेश मार्गको लगत कट्टा नहुँदा हालसम्म पनि ब्यक्तिको जग्गा र मोटरबाटोको जग्गा यकिन हुन नसक्दा कर असुली र घर निर्माणमा समस्या भएको ।

६. हाल सम्म पनि फोहोर मैला ब्यवस्थापन गर्नका लागी ल्याण्डफिल्ड साईडको ब्यवस्थापन हुन नसकेको ।

७. बसपार्क, दमकल, ब्यवस्थित खेलमैदान को ब्यवस्था हुन नसकेको ।

८. सेवाग्राही र सेवा प्रदायक एवं राजनैतिक दलका पदाधिकारीहरु बिचमा सम्मानजनक र सुमधुर सम्बन्ध कायम हुन नसकेको ।

९. सार्बजनिक सुनुवाई कार्यक्रमलाई सेवाग्राही र नागरिकहरुले कम प्राथमिकता दिएको ।

१०. सार्बजनिक सुनुवाईमा उठाईएका बिषयहरुको कार्यान्वयन नहुने भन्ने भ्रम रहेको ।

११. योजना कार्यक्रमको बारेमा जानकार नभएको गुनासो रहेको ।

१२. सार्बजनिक जग्गाको हेरचाहा र लगत चुस्त दुरुष्त राख्नु पर्ने ।

१३. प्रत्येक वडामा स्वास्थ्य चौकीको स्थापना गर्नु पर्ने ।

१४. बार्षिक नगर बिकास योजना प्रकाशित गरि प्रत्येक घरघरमा उपलब्ध गराउनु पर्ने ।

१५. सेवाग्राहीहरुसंग मोडरेटरद्वारा सोधीएका प्रश्नहरुको बिषयमा सेवाग्राही ष्प्रष्ट नरहेको ।

१६. खाँ.न.पा. १३ सभा खोलाबाट निकासी गरिने ढुंगा, गिटी, बालुवाको निकासी तिब्र र अबैज्ञानिक भएकोले आसपासका बासिन्दालाई समस्या भएको गुनासो आएको ।

**निर्णय नं. २२**

बढ्दो शहरिकरण संगसंगै यातायातका साधनहरुमा समेत बृद्धि भएकोले यातायात पार्कीङका लागी हाल खाँदबारी नगरपालिका वडा नं. १ शनिबारे हटिया लाग्ने स्थान भन्दा तल बस पार्क प्रयोजनका लागी खरिद गरिएको जग्गामा मात्र सवारी साधन पार्किङको ब्यवस्था मिलाउनका लागी संखुवासभा यातायात ब्यवसायि संघलाई पत्राचार गर्ने साथै तुम्लिङ्गटारको हकमा खाँ.न.पा. १३ स्थित एयरपोर्ट नजिक बिरबहादुर कुमालको घर अडाडि रहेको सार्बजनिक जग्गामा छोटो समयको लागी पार्किड. (यात्रुहरु ओर्लिने र उक्लने मात्र) र पुरा समयको लागी खाँ.न.पा. १२ स्थित तुम्लीङ्गटारमा निर्माणाधिन बसपार्कको जग्गामा पार्किङको ब्यवस्था

मिलाउने साथै मानेभन्ज्याङ्ग क्षेत्रको लागी महेन्द्र उ.मा. बि.को खेल मैदान भन्दा माथिल्लो भागमा पर्ने मोटरबाटोको जग्गामा पार्किङ्गको व्यवस्था छोटो समयको लागी पार्किङ. (यात्रुहरु ओर्लिने र उक्लने मात्र) र पुरा समयको लागी खाँ.न.पा. ३ माझगाउँ स्थित निर्माणाधीन बसपार्कको जग्गामा गर्न संखुवासभा यातायात व्यवसायी संघलाई अनुरोध गर्न सिफारिस गर्ने साथै उपरोक्त अनुसार नभएमा नियमानुसार जरिवाना गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३**

आ.ब. ०७२।७३ को बार्षिक जिन्सी निरिक्षण प्रतिबेदन पेश भई छलफल हुँदा कार्यालयमा जिन्सी अभिलेखमा देखिएका जिन्सी निरीक्षण प्रतिबेदनमा मर्मत गर्नु पर्ने भनि उल्लेख भएका मालसामानहरु सिघ्र मर्मतसंम्भार गरी प्रयोगमा ल्याउन र मर्मत सम्भार गर्दापनि प्रयोगमा आउन नसक्ने मालसामानहरु नियमानुशार लिलाम बिक्री गर्न नगरपालिका लाई निर्देशन दिने साथै स्थानीय निकाय आ.प्र.नियमावली, २०६४ को नियम २२६ (२) बमोजिम पुनः उक्त सामान मर्मतसम्भार गरेर पनि काम नचल्ने वा मर्मत सम्भार गर्दा पनि फाईदा नहुने भई बिभिन्न कारणले मिनाहा गर्नु पर्ने भनि प्रतिबेदनमा पेश भएका जिन्सी मालसामानहरु मिनाहा गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४**

आ.ब. ०७१/७२ को अन्तिम लेखा परिक्षण प्रतिबेदन आजको बैठकमा पेश गरि दफावबर रुपमा छलफल गर्दा तपशिल बमोजिम गर्न न.पा. कार्यालयलाई निर्देशन दिन सिफारिस गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

**क) चालु खर्च :**

बेरुजु बुँदा नं. १ देखि १३ सम्ममका तपशीलका बुँदाहरु रहेको :

१. आ.ले.प. पारिश्रमिक कर कट्टी दाखिला भौचर सम्लग्न नरहेको ।

२. कृष्ण किराना पसल, बज्र प्रिन्टीङ्ग कम्प्युटरलाई भुक्तानीको भरपाई सम्लग्न नरहेको ।

३. बैठक भत्ता बितरणको भर्पाई र उपस्थिति सम्लग्न नरहेको ।

४. मनोजकुमार चापागाईको भ्रमण खर्च लिदा होटलबास खर्चको बिल सम्लग्न नरहेको ।

५. मर्मत सम्भारको सामानको खरिद आदेश दाखिला प्रतिबेदन सम्लग्न नरहेको ।

६. स्टेशनरि त्रियुगा पुतलीसडकको सक्कल बिल सम्लग्न नरहेको ।

७. पाले पहराको रकम भुक्तानी गर्दा पहारा बस्नेको हाँजीरी सम्लग्न नरहेको ।

८. न्यु मनकामना होटललाई रकम बुझाएको भर्पाइ र सहिछाप नरहेको ।

९. होटल युनिक एण्ड लज, होटल नारायण कटुवालको भपाइमा दस्तखत छाप नरहेको ।

१०. बरुण होटल, सैनिक होटल, पुष्प किराना पसल, यनिक होटलको भर्पाईमा दस्तखत र छाप नरहेको ।

११. बैठक भत्ता बितरणमा ५ जनाको दस्तखत बाँकी रहेको ।

माथि उल्लेखित बेरुजुमा नियमीत गर्नु पर्ने अन्यथा बेरुजु हुने भनि उल्लेख गरेको ।

**ख) पुँजीगत खर्च तर्फ**

१. पूर्ण खोप घोषणामा बिल सम्लग्न नरहेको ।

२. काठ खरिदको भर्पाईमा सहि छाप नरहेको ।

३. चूडामणि खनाल र खाँदबारी ढुवानी सेवाको भर्पाई सम्लग्न नरहेको ।

माथि उल्लेखित बुँदामा औल्याएका बेरुजु नियमीत गर्नु पर्ने अन्यथा बेरुजु कायम हुने उल्लेख भएको ।

**ग) जगेडा कोष तर्फ :**

१. बाग्मति ट्रेनिङ प्रा.ली.बाट खरिद गरेको डिजीटल क्यामरा खरिदको औचीत्यता, खरिद आदेश, दाखिला रिपोर्ट, माग फाराम पेश गर्ने तयार गर्ने फारम सम्लग्न राख्नु भनि उल्लेख गरेको ।

माथि उल्लेखित चालु खर्च तर्फ पुँजीगत खर्च तर्फ र जगेडा कोष तर्फको औंल्याईएको बेरुजु दफा हरुमा नियमीत गर्नु पर्ने अन्यथा बेरुजु कायम हुने भनि उल्लेख गरिएको र असुल उपर गर्नु पर्ने किटान गरि उल्लेख नभएको पाइएको हुँदा नियमीत गर्नु पर्ने लाई नियमीत गरि असुल उपर गर्नु पर्ने लाई असुल उपर गर्नका लागी पत्रचार लगायतका कार्य सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५**

खाँदबारी नगरपालिकाको आ.ब. ०७१/७२ को अन्तिम लेखा परिक्षण गर्न दर्तावाला लेखापरिक्षकहरुबाट सूचिकृत हुन मिति २०७२ पौष ०३ गते प्रकाशित सूचना अनुसार आबेदन दिनु हुने तिन जना दर्तावाल लेखापरिक्षकहरु मध्ये दर्ता नं. "ख" ११७ भएका जे. दाहाल एण्ड कम्पनीले कबोल गरेको पारिश्रमिक रु. १,००,०००। एक लाख मात्र सबभन्दा घटि भएकोले आ.ब.०७१/७२ को सम्पुर्ण स्रेस्ताहरु श्री जे. दाहाल एण्ड कम्पनीबाट अन्तिम लेखा परिक्षण गर्न लेखापरिक्षक नियुक्ती गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६**

खाँदवारी नगरपालिका कार्यालयको आन्तरिक लेखापरिक्षण गर्न आन्तरिक लेखापरिक्षक शाखा गठन नभएको हुँदा मन्त्रालयबाट भएको परिपत्र अनुशार जिल्ला बिकास समितिको आ.ले.प. शाखाबाट आन्तरिक लेखापरिक्षण गराउने ब्यवस्था मिलाउन बोर्ड बैठकलाई अधिकार प्रदान गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७**

एकिकृत सम्पति कर असुल उपर गर्दा यदि कुनै करदाताको गुनासो आएमा कर पुनराबलोकन गर्न आबश्यक देखिएमा न.पा.बोर्ड लाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २८**

खाँदबारी नगरपालिका क्षेत्रमा चल्ने यातायातका साधनहरु (बस, जिप, ट्याक्टर, ट्रक, आदी) बाट नगरपालिकाले निर्माण गरेका सडकहरुमा पटके सवारी कर र सवारी कर असुल उपर गर्न

संखुवासभा यातायात व्यवसायी संघ संग समन्वय गरि कर असुल उपर गर्न आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. २९**

संखुवासभा उद्योग बाणिज्य संघ, टोल विकास संस्था, क्लब वा अन्य क्रियाशील गैर सरकारीसँस्थासँगको सहकार्यमा खाँदबारी बजारको पोखरी पार्क लगायत अन्य पार्क वा वाल उद्यान निर्माण संचालन तथा व्यवस्थापन गर्न सार्वजनिक निजी साझेदारी कार्यक्रम अन्तर्गत रकम विनियोजन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३०**

यस नगरपालिकामा कार्यरत सेवा करार र करार सेवाका कर्मचारीहरुको पदावधि थप, वडा नं. ४ र ५ मा रहेका नगर स्वास्थ्य चौकीमा कार्यरत कर्मचारीहरुको पारिश्रमिक मिलान र पदावधि थप, सवारी चालक लगायत कार्यालयमा कार्यरत स्वयंसेवकहरुको अतिरिक्त पारिश्रमिक पाउँ भनि गर्नु भएको माग साथै खाँदबारी खानेपानी तथा सरसफाई संस्थालाई हस्तान्तरण गरिएका न.पा.का स्थायी कर्मचारीहरुलाई न.पा.को रिक्त दरबन्दिमा आन्तरिकीकरण गर्ने जस्ता कार्य गर्नु पर्ने अबस्था भएमा न.पा. बोर्ड बैठकलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३१**

खाँदबारी नगरपालिकाको नाममा रहेको खेलकुद मैदान व्यवस्थापन एवं प्यारापिट निर्माणका लागी भारतीय दुताबास लैनचौर समक्ष आयोजना प्रस्ताब पेश गर्ने साथै एन्फा समक्ष पनि समन्वय गरि खेलकुद मैदान व्यवस्थीत बनाउन पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३२**

खाँदबारी नगरपालिका भित्र रहेका विभिन्न ऐतिहासिक, धार्मिक एवं रमणीय प्राकृतिक स्थलहरुको संरक्षण एवं सम्बर्धन गरी आन्तरिक तथा बाह्य पर्यटन प्रबर्द्धन गर्न सकिने पर्याप्त संभावना भएकोले सो कार्य गर्नका लागी पर्यटन सूचना केन्द्र स्थापना गर्न सम्बन्धित निकाय समक्ष माग गरि कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३३**

खाँ.न.पा. ९ तल्लो पांठा स्थित निजी क्षेत्रबाट संचालनमा आएको उपस्वास्थ्य चौकी सो संचलकको तर्फबाट तहाँको जग्गा, भवन लगायतका सम्पुर्ण स्वामित्व न.पा.लाई हस्तान्तरण गर्ने र न.पा.ले नै संचालनको व्यवस्था मिलाउन बारंम्बार माग गर्नु भएकोले उक्त स्वास्थ्य चौकीको स्वामित्व हस्तान्तरण लिई स्वास्थ्य चौकीको संचालनको लागी मालपोत रजिष्ट्रेशनबाट प्राप्त हुने रकम मध्येबाट ब्यहोरीने गरि रु. २,५०,०००। रकम बिनीयोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३४**

खाँदबारी नगरपालिकामा सेवा प्रबाहलाई वडा मार्फत बिकेन्द्रित गरि कार्य गर्ने ब्यवस्था मिलाउनु पर्ने टड्कारो आबश्यकता देखिएको हुँदा यस न.पा.मा भएको १९ औं नगरपरिषदबाट परित **"खाँदबारी नगरपालिकाको संगठनात्मक क्षमता बिकाश (O.D.) को पुनरावलोकन**

**कार्यक्रम, २०७१,"** मा वडा सचिवहरुको व्यवस्था नभएको हुँदा सो बमोनिजम दरबन्दि व्यवस्थापन गर्नको लागी १९ औं नगरपरिषदबाट पारित संगठनात्मक क्षमता बिकाश (O.D.) को चालु आ.ब. ०७२।७३ मा नै पुनरावलोकन गरि सो को कार्यान्वयन गर्ने व्यवस्था मिलाउन जो जुन शिर्षकमा बिनियोजन भएको रकमबाट हुन्छ खर्च लेखि कार्य गर्न न.पा. बोर्ड बैठकलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

हाल सो बमोजिम पुनराबलोकन नहुन्जेल सम्म १९ औं नगरपरिषदबाट पारित संगठनात्मक क्षमता बिकाश (O.D.) आधार मानि कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३५**

सार्बजनिक नीजि साझेदारी प्रणालीलाई प्रोत्साहन र ब्यवस्थित गर्नका लागी निम्न बमोजिमका ब्यक्तिहरु सदस्य रहने गरि स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २७३ (क) बमोजिम निम्न बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

**निम्न**

| | | |
|---|---|---|
| १. | प्रमुख/कार्यकारी अधिकृत | संयोजक |
| २. | श्री सरोजकुमार बज्राचार्य | सदस्य (उद्योग बाणिज्य संघको प्रतिनीधि) |
| ३. | श्री दिपनकुमार श्रेष्ठ | सदस्य |

(सार्बजनिक नीजि साझेदारी सम्बन्धि ज्ञान भएको स्थानीय नागरिक समाजको प्रतिनीधि)

| | | |
|---|---|---|
| ४. | श्री किरण कुमार शाक्य | सदस्य |

(सार्बजनिक नीजि साझेदारी सम्बन्धि ज्ञान भएको बिषय बिशेषज्ञ)

| | | |
|---|---|---|
| ५. | श्री खेमराज निरौला | सदस्य, सामाजिक बिकास अधिकृत |
| ६. | श्री दिनेश कट्टेल | सदस्य- सचिव, प्रशासकिय अधिकृत |

आमन्त्रित सदस्यहरु :

१. श्री सुमन श्रेष्ठ उद्योगी एवं ब्यवसायी

२. श्री भबिश्वर गुरुङ्ग, कानून ब्यवसायी

३. श्री हरिश्वर थापा मगर, यातायात ब्यवसायी संघको अध्यक्ष एवं समाजसेवी

४. श्री नबिनकुमार श्रेष्ठ, आ.प्र.शाखा प्रमुख

५. श्री सुरज श्रेष्ठ, इन्जिनियर योजना शाखा प्रमुख

यस समितीलाई क्रियाशिल गराई नगरपालिकाको दायित्व घट्ने र आम्दानी बढ्ने किसिमका साझेदारीका क्षेत्रहरु पहिचान गरि सार्बजनिक नीजि साझेदारी गर्ने र करदाता शिक्षा अनुशिक्षण कार्यक्रमका लागी मालपोत रजिष्ट्रेशन दस्तुर वापत प्राप्त हुने रकमबाट रु. १,००,०००।०० एक लाख रकम बिनीयोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३६**

खाँ.न.पा. ४ पांमा र खाँ.न.पा. ५ सेकाहामा रहेका नगरस्वास्थ्य केन्द्रहरुमा कार्यरत सेवा करारमा कार्यरत अ.न.मी. र अ.हे.व.हरुको पारिश्रमिक चालु आ.ब. को फाल्गुण महिना देखिनै लागु हुने गरि मासिक पारिश्रमिक न्युनतम ११,०००। (एघार हजार) कायम गर्ने र कार्यालय सहयोगीहरुको पारिश्रमिक न्युनतम रु. ८०००। आठ हजार मात्र) कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३७**

यस चालु आ.ब.मा दमकल खरिद कार्य सम्पन्न हुने भएकोले दमकल आपुर्ति भए पश्चात त्यसको संचालन तथा ब्यवस्थापन गरि आगलागीको समयमा नगरबासीहरुलाई सुबिधा प्रदान गर्न मालपोत रजिष्ट्रेशन वापत प्राप्त हुने रकमबाट ब्यहोरीने गरि दमकल संचालन तथा ब्यवस्थापन कार्यक्रमको लागी रु. १०,००,०००। बिनीयोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३८**

खाँदबारी नगरपालिकाको न्यूनतम शर्त तथा कार्य सम्पादन मापनको सन्दर्भमा गत आर्थिक बर्षमा यस कार्यालयले गरेको कार्य सम्पादन र प्राप्त गरेको अंकको बारेमा बिस्तृत छलफल भयो । सो सम्बन्धमा आगामी दिनमा न्युनतम शर्त तथ कार्य सम्पादन मापनका बढि भन्दा बढि सूचकरु पुरा गरि नगरपालिकालाई उच्चतम स्थानमा पुर्‍याउन आर्थिक, भौतीक तथा मानबिय लगायत सम्पुर्ण स्रोत साधन एवं क्षमताको अधिकतम उपयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३९**

संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालयले आ.ब. ०७३।७४ को लागी यस नगरपालिकालाई प्राप्त हुने निम्न बजेट शिर्षक तर्फ उपलब्ध गराएको निम्न बमोजिमको बजेट सिमा लाई निम्न अनुसार बाँडफाँड गर्ने निर्णय गरियो ।

**तपशिल**

**तपशिल**

**क) नगरपालिका अनुदान (पूँजीगत) तर्फ रु. १,१८,००,०००। मध्ये :**

(स्थानीय निकाय स्रोत परिचालन तथा ब्यवस्थापन कार्यबिधि, २०६९ को दफा ८ बमोजिम)

१. समपुरक कोष (म्याचिङ फण्ड) रु. ७०,००,०००। सत्तरी लाख मात्र ।

२. लक्षीत समुह बिकास कार्यक्रम

- बालबालिका लक्षीत कार्यक्रमका लागी रु. १०,४२,५००।
- महिला लक्षीत कार्यक्रमको लागी रु. ६,९५,५००।
- आर्थिक तथा सामाजिक रुपमा पछि परेका बिपन्न बर्ग हरुको लागी : रु. १०,४२,५००।

(सबै जात जातिका आथिक रुपमा बिपन्न तथा आर्थिक एवं सामाजिक रुपमा पिछडिएका बर्ग दलित,आदीबासी/जनजाति, भिन्न क्षमता भएका ब्याक्तिहरु, जेष्ठ नागरिक, अपाङ्ग, मधेसी, मुस्लीम, पिछडा बर्ग, यौनिक तथा लैंगिक, अल्प संख्यक लगायत अन्य पिछडिएको बर्ग) (निर्णय नं. संग सम्बन्धित)

३. आयोजना संचालन तथा ब्यवस्थापन खर्च : रु.९,००,०००। नौ लाख मात्र ।

४. **आर्थिक सामाजिक एवं पुर्बाधार बिकास कार्यक्रम रु. २१,६०,४००। मध्ये**

- खाँदबारी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था सहभागीताको रकम रु. १०,००,०००।
- न.पा.गेट अगाडि देखि नयाँ बस्ती सम्म जाने नाली ब्यवस्थापन (न.पा.को जग्गा संरक्षण) रु. ५,००,०००।
- नगर सरसफाई तथा फोहोर मैला ब्यवस्थापन कार्यक्रम रु. ६,६०,४००। मध्ये
  - वातावरण संरक्षण बिषेस कोष (बृक्षा रोपण सहित) : रु. ४७,०००।

६. **प्रबर्द्धनात्मक कार्यक्रम तर्फ रु. ११,०९,६००। मध्ये**

- गिद्धे देखि मनकामना हुँदै सतिघाट सम्मको मोटरबाटो स्तर उन्नति खाँ.न.पा. १२ रु. ५,००,०००।
- हिमालय पब्लीक किरण क्याम्पस फर्निचर ब्यवस्थापन कार्य रु. २,७०,०००।
- मंगलादेबी मा.बि. हुँदै चुहान गाँउ सिम्ले गाउँ खाँ.न.पा. १० रु २,२५,०००।
- कामी डाँडा हुँदै ओभा गाउँ देखि गुठगाउँ सम्म मोटरबाटो स्तर उन्नति खाँ.न.पा. २ रु. ७५,०००।
- कुप देखि ११ नं. वडा भवन (बि.क. टोल) सम्म जाने मोटरबाटो मर्मत खाँ.न.पा. ११ रु. १,३९,६००।

**ख) स्थानीय बिकास शुल्क पूँजीगत तर्फ : ५५,००,०००। मध्ये :**

- माथि निर्णय नं. ....मा उल्लेख भए अनुसारका वडा स्तरबाटै पारित भई परिषद समक्ष सिफारिस भई आएका योजना तथा कार्यक्रमहरुको लागी रु. ५२,००,०००।
- मर्मत संभार कोष रु. ३,००,०००।

**ग) सडक बोर्ड नेपाल तर्फ : रु. ३०,००,०००।** (नि.नं. १७ अनुसार)

**घ) आन्तरिक स्रोत (पूँजीगत) रु. ७,००,०००। मध्ये :**

१. मानेभन्ज्याङ्ग देखि अरुणथान सम्म जाने मोटरबाटो मर्मत खाँ.न.पा. ३ र ४ रु. १,५०,०००।

२. अरुण थान देखि हरेलो सम्म जाने मोटरबाटो निर्माण/स्तर उन्नति खाँ.न.पा. ४ र ५ रु. १,५०,०००।

३. राजबृच्छे देखि मगरगाउँ हुँदै रानीछाप जाने मोटरबाटो निर्माण , खाँ.न.पा. १२, ३,००,०००।

४. लाहारी बारी देखि ज्यामिरे हुँदै सुन्तले सम्म कृषि सडक स्तर बृढि, खाँ.न.पा. ११ रु. १,००,०००।

**ङ) राजश्व बाँडफाँड (जिल्ला बिकास समिति प्राप्त हुने रकम) : रु. ६,८०,०००। मध्ये**

१. स्यामदाङ स्कुल देखि चेवा नयाँ खानेपानी ट्यांकी सम्म जाने मोटरबाटो निर्माण खाँ.न.पा. १२ रु.१,५०,०००।

२. आस्था देखि महादेबस्थान सम्म जाने मोटरबाटो निर्माण खाँ.न.पा. १ रु. १,५०,०००।

३. भेडेटार देखि -ढाँडे हुँदै दारेगौंडा सम्म जाने मोटरबाटो निर्माण, खाँ.न.पा. १२ रु. १,८०,०००।

४. सिमालीधारा अर्चले रयाले जाने मोटरबाटो मर्मत खाँ.न.पा. ११ रु. २,००,०००।

**निर्णय नं. ४०**

२० औं नगरपरिषद्को लागी सम्पन्न भएको वडा भेलाबाट पारित भएर न.पा.मा माग भई आएका तर नगरपालिकाको बिद्यमान स्रोतले सम्बोधन गर्न नसकेका निम्न योजनाहरुलाई योजना बैंकमा राख्ने र प्राथमिकताका आधारमा जिल्ला परिषद्, सभासद क्षेत्र बिकास कोष, नेपाल सरकार र अन्य स्वदेसी तथा बिदेसी दातृ निकायहरु संग सिफारिस साथ माग गरी कार्यान्वयन गर्ने निर्णय गरियो । (अनुसूचि ५ पाँच मा सम्लग्न गरिएको छ)

**निर्णय नं. ४१**

आ.ब. ०७१/७२ को पौष महिना पश्चात र आ.ब. ०७२/७३ को पौष २८ गते सम्ममा न.पा.बोर्ड बैठक एवं कार्यालयबाट फरफारक गरिएका निम्न बमोजिका योजनाहरु, कार्यक्रमहरु परामर्श सेवाहरु अनुमोदन गर्ने निर्णय गरियो ।

(अनुसूचि ६ छ मा सम्लग्न गरिएको छ)

**निर्णय नं. ४२**

यस खाँदबारी नगरपालिकाको नगरस्तरिय राजश्व परामर्श समितिबाट आ.ब. ०७३/७४ का लागी न.पा.बाट लिईने कर, दस्तुर, सेवा शुल्क तथा महसुलहरुको दरको सम्बन्धमा राजश्व अध्ययन तथा प्रक्षेपण उप समिति गठन भई सो सम्बन्धमा करका दर तथा प्रक्षेपणको प्रतिबेदन समेत सम्लग्न राखी स्वीकृतीका लागी यस परिषद बैठकमा पेश भई छलफल गर्दा राजश्व परामर्श समितिले उल्लेख गरेको दररेटमा नक्सा पासको सम्बन्धमा आर.सि.सि. प्रति

बर्ग फिट १०। का दर कायम गर्ने र मापदण्ड पुरा गरेका तर निर्माण नलिई बनाईएका भवनहरुको हकमा दोब्बर दस्तुर कायम गर्ने निर्णय गरियो ।

(अनुसूचि ७ सातमा सम्लग्न गरिएको छ)

**निर्णय नं. ४३**

आ.ब. ०७३/७४ का लागी कार्यालयलाई आबश्यक सेवा, निर्माण र बस्तुको खरिद गर्नका लागी बनाईने बार्षिक खरिद योजना र बार्षिक कार्य तालिका पारित गरि लागु गर्न न.पा. बोर्ड बैठकलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४४**

आन्तरिक आम्दानीको तिन प्रतिशतले हुन आउने रकम मर्मत संभार योजनामा बिनियोजन गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४५**

यस न.पा.मा वातावरण संरक्षणको लागी वातावरण संरक्षण बिशेष कोष खडा गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४६**

खाँदबारी नगरपालिकाको २० बर्षे रणनैतिक योजना/आवधिक नगर योजना एवं नगर/वडा प्रोफायल, २०७२ पारित गरी लागु गर्ने निर्णय गरियो ।

(अनुसूचि ८ र ९ मा सम्लग्न रहेको छ ।)

**निर्णय नं. ४७**

यस खाँदबारी नगरपालिकाको नगर यातायात गुरुयोजना निर्माणाधिन चरणमा रहेको हुँदा अन्तिम प्रतिबेदन प्राप्त भए पश्चात स्वीकृत गरि लागु गर्न र नगरपालिकालाई आबश्यक पर्ने रणनैतिक योजना, कार्यबिधि, बिनीयम, निर्देशिका बनाई लागु गर्न न.पा. बोर्ड बैठकलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४८**

खाँदबारी नगरपालिकालाई बाल मैत्रि स्थानीय शासन पद्धति अबलम्बन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४९**

खाँदबारी नगरपालिकावाट सर्बजनिक खरिद ऐन, नियमावली एवं स्थानीय निकाय आ.प्र. नियमावली बमोजिम सार्बजनिक खरिद एवं निर्माणका कार्य गर्दा बिद्युतिय बोलपत्र प्रणाली (ई बिडिङ्ग) मार्फत कार्यन्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५०**

आन्तरिक आम्दानी तर्फ मालपोत रजिष्ट्रेशन बाट प्राप्त हुने राजश्व बाट बजेटमा अनुमान भए भन्दा बढि राजश्व परिचालन हुने अबस्था सृजना भएमा निम्न बमोजिमका योजनाहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।     **निम्न**

१. दोभानेबाट दुब्लीचौतारा सम्म जाने मोटरबाटो निर्माण खाँ.न.पा. ७ रु. ५,००,०००।

२. सुनार पांमा चौक देखि चापागाई डाँडा जाने मोटरबाटो निर्माण खाँ.न.पा. ३ रु. १,५०,०००।

३. अमर राईको घर बाट चनौटे हुँदै घडेरी चौसठ्ठी सम्म जाने मोटरबाटो निर्माण, खाँ.न.पा. ११ रु. १,५०,०००।

४. गैरीगाउँ टोल मोटर बाटो ढलान कार्य खाँ.न.पा. १२ रु. ५,००,०००।

५. भैरे डाँडा मगर बेसि बाटो मोटरबाटो मर्मत खाँ.न.पा. १० रु. २,००,०००।

६. नेपाल रेडक्रस सोसाईटि जिल्ला शाखा भौतिक ब्यवस्थापन कार्य रु. १,००,०००।

**निर्णय नं. ५१**

निम्न बमोजिमका योजनाहरु न.पा.मा भएको बिद्यमान स्रोतबाट संचालन गर्न रकम अभावका कारण कठिनाई भएकोले अन्य निकाय बाट स्रोत को खोजी गरि योजनाहरु कार्यन्वयन गर्ने निर्णय गरियो ।     **निम्न**

१. बैद्यगाउँ देखि साल बिसाउना बिजुली अफिस हुँदै हाई वे सम्म जाने मोटर बाटो ढलान खाँ.न.पा. १२ र १३

२. बैद्यगाउँ देखि गिदै चौतारा हुँदै मनकामना जाने मोटरबाटो ढलान कार्य खाँ.न.पा. १२

३. पाठक धारा टोल बाट डँडारे सम्म जाने मोटर बाटो ढलान कार्य खाँ.न.पा. १

४. घिमिरे गाउँ धुपु जाने सडक देखि सुबिधा सुनडाँडा जाने मोटर बाटो स्तरोन्नति खाँ.न.पा. १

५. देबकोटा चौक देखि हाईवे (निरौला गाउँ छेउ) सम्म जाने मोटरबाटो ढलान कार्य खाँ.न.पा. १

६. न.पा. को स्वामित्वमा खाँ.न.पा.३ मा रहेको कृषि बजार केन्द्रको भवन निर्माण कार्य

७.	सार्कीडाँडा - रानीछाप- पाठकगाउँ- राम्चे- सिम्ले हुँदै गुवाबारी जाने मोटरबाटो स्तरोन्नती कार्य

**निर्णय नं. ५२**

नियम तथा निर्देशिका र कार्यबिधिमा उल्लेख भए अनुरुप न.पा.ले एक आर्थिक बर्षमा भए गरेका सम्पुर्ण काम कार्यबाहीहरुको सामाजिक परिक्षण गर्न रु. १,००,०००। मालपोत रजिष्ट्रेशन दस्तुर वापत प्राप्त हुने राजश्वबाट खर्च लेख्ने गरि ब्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ५३**

यस न.पा.मा गत आ.ब. ०७१।७२ मा योजना तथा कार्यक्रम संचालन भई २०७२ साल असार मसान्त भित्रमा (सोही आ.ब. भित्रमा) कार्यालयबाट योजना सम्पन्न भई प्राबिधिक मुल्यांकन समेत भई सकेका तर रकम भुक्तानी हुन बाँकी भई न.पा.मा दायित्व सृजना हुन गएका अनुसूचि ....मा उल्लेख भएका योजना तथा कार्यक्रमहरुलाई चालु आ.ब. मा भुक्तानी हुने योजनामा ग्रहण (समाबेश) गरि भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५४**

खाँदबारी नगरपालिकामा गठित पदपुर्ति समितिका अध्यक्ष श्री लक्ष्मीप्रसाद दाहालको पदाबधी समाप्त भएकोले चालु आ.ब. ०७२।७३ को माघ ०१ गते देखि लागु हुने गरि खाँ.न.पा. १२, ढुंगेधारा स्थायी ठेगाना भई हाल बिराटनगर उपमहानगर पालिकामा वडा नं. .... राजबंसि चौक बस्ने श्री सोमराज कट्टेल अभय लाई नियुक्ति गर्ने ब्यवस्था मिलाउन न.पा.मा सिफारिस गर्ने साथै हाल सम्म पदपुर्ति समितिले गरेका सम्पुर्ण निर्णयहरु (बढुवाको निर्णय सो संग सम्बन्धित अन्य प्रकृयागत कार्य एवं निर्णयहरु) अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५५**

खाँदबारी नगरपालिकाको १९ औं नगर परिषदबाट चालु आ.ब. ०७२।७३ को लागी स्वीकृत बार्षिक बजेटमा कतिपय शिर्षकहरु चालु आ.ब.को प्रथम चौमासिक अबधि भित्रनै ऋणात्मक भई सकेको देखिएको हुँदा चालु आ.ब.को बाँकी अबधिका लागी कार्यालय संचालन गर्न नभई नहुने (खर्च ब्यवस्थापन गर्न) अनुसूचि ....मा उल्लेखित भए अनुशारको संसोधीत बजेट पारित गर्ने निर्णय गरियो ।		आजको बैठक यहि अन्त्य गरियो ।